# त्रिभुवन विश्वविद्यालय
# इन्जिनियरिङ अध्ययन संस्थान
# पुल्चोक क्याम्पस

पुल्चोक, ललितपुर

मितिः २०७२।०८।१७

## वि.ई./वि.आर्क. तहमा रिक्त स्थानमा भर्नाका लागि पुनः आवेदन सम्बन्धी सूचना ।

शैक्षिक बर्ष २०७२ / ७३ मा यस क्याम्पसको B.E./BArch. तहमा केहि कार्यक्रमहरुमा केहि स्थान रिक्त रहन गएकोले ती स्थानहरूमा भर्ना हुन चाहने आवेदकहरूको लागि पुनः आवेदन फाराम भरी बुझाउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पुनः आवेदनका लागि २०७२ मंसिर १८ गते बिहान ११:०० बजेदेखि २:०० बजेभित्र पुल्चोक क्याम्पसको सूचना प्रविधि केन्द्रमा उपलब्ध फाराम भरी बुझाउनु पर्नेछ । फाराम शुल्क रु ५००।- लाग्नेछ ।
- **इन्जिनियरिङ अध्ययन संस्थानका क्याम्पसमा भर्ना भएकाहरू बाहेक इन्जिनियरिग अध्ययन संस्थान, प्रवेश परीक्षा बोर्डद्वारा लिइएको प्रवेश परीक्षामा सम्मिलित भई उत्तीर्ण भएका आवेदकहरूले पुनः आवेदन दिन सक्नेछन् । कक्षा शुरू भइसकेको हुँदा इन्जिनियरिङ अध्ययन संस्थानका क्याम्पसमा भर्ना भएका बिद्यार्थीहरू यो सूचना अनुसार आवेदन गरी भर्ना हुन पाउने छैनन् ।**
- उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार मुख्य भर्ना सूची र बैकल्पिक सूची प्रकाशन गरी भर्ना गरिनेछ । मूख्य सूचीमा भएका आवेदकले भर्ना नगरि स्थान रिक्त रहन गएमा बैकल्पिक सूची अनुसार क्रमशः भर्ना गरिनेछ ।
- कुनै कार्यक्रमको नियमित तर्फको रिक्त रहेको स्थानमा भर्ना सूची प्रकाशन गर्दा सोही कार्यक्रममा पूर्णशुल्किय तर्फ भर्ना भइसकेका विद्यार्थीको योग्यताक्रम भन्दा कम मात्र योग्यताक्रम भएका आवेदकहरूको आवेदन परेको खण्डमा भर्ना भइसकेका पूर्णशुल्किय तर्फका विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गर्ने गरी पूर्णशुल्किय कार्यक्रमका लागि भर्ना सूची प्रकाशन गरिनेछ र भर्ना सूची अनुसारका आवेदक पूर्णशुल्किय कार्यक्रममा भर्ना भइसकेको खण्डमा मात्र यस अघि भर्ना भइसकेको विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गरिनेछ ।
- आर्किटेक्चर कार्यक्रममा आवेदन गर्नेहरूका लागि झुकाव परीक्षा (Aptitude Test) मिति २०७२/०८/१९ गते विहान ११:०० बजे संचालन गरिनेछ । यस अघि लिइएको झुकाव परीक्षाहरू (Aptitude Test) मा उत्तीर्ण भएका आवेदकहरू झुकाव परीक्षामा पुनः सम्मिलित हुनु पर्ने छैन ।

भर्ना समिति २०७२
पुल्चोक क्याम्पस